म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४७ शुक्रबार, ११ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 24April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## उद्योगी शेखर गोल्छा पक्राउ

काठमाडौं, १० बैशाख/नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष तथा उद्योगी शेखर गोल्छालाई प्रहरीले पक्राउ गरेको छ । नेपाल धितोपत्र बोर्डको छानबिन प्रतिवेदनका आधारमा अनुसन्धानका लागि गोल्छालाई नियन्त्रणमा लिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रमुख एआईजी डा. मनोज केसीले बताए । धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन समेतका आधारमा गोल्छा समेतको मिलेमतोमा धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा ९४, ९५, ९६ को उपदफा (१) र दफा ९८ बमोजिम कसुरमा उनलाई पक्राउ गरिएको सीआईबीले जनाएको छ । विभिन्न बीमा कम्पनीको फन्ड विभिन्न कम्पनीको सेयरमा चलखेल गर्न प्रयोग हुने गरेको प्रतिवेदन धितोपत्र बोर्डले तयार पारेको थियो । विवादित व्यवसायी दीपक भट्टले व्यक्ति तथा निजी कम्पनीहरूबाट सस्तोमा सेयर खरिद गर्ने र तिनको मूल्य बढाएर विभिन्न बीमा कम्पनीलाई बिक्री गर्ने गरेको देखिएको बोर्डको प्रतिवेदनमा उल्लेख छ । सोही अनुसन्धानले यस्तो गडबडीका प्रमुख पात्रका रूपमा भट्ट र भृकुटी स्टक ब्रोकिङ कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्दीप चाचान रहेको उल्लेख गरेको छ ।

### पत्रकार महासंघको जिल्ला र प्रदेश समितिद्वारा सरकारको ध्यानाकर्षण

# 'सरकारी माध्यमलाई मात्र विज्ञापन दिनु लोकतन्त्र माथिकै उपहास'

साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिने निर्णयप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले संघीय सरकारको ध्यानाकर्षण गराएको छ ।

बिहिबार महासंघको केन्द्रीय सर्कुलरबमोजिम मकवानपुर शाखाले प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै संघीय सरकारको ध्यानाकर्षण गराएको हो । महासंघका अध्यक्ष बालकृष्ण अधिकारीको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारीलाई १० बुँदे ज्ञापनपत्र बुझाएको हो । सरकारी विज्ञापनमा सरकारी सञ्चारमाध्यमलाई मात्र प्राथमिकता दिनु लोकतान्त्रिक मूल्य र मान्यता माथिकै उपहास भएको अध्यक्ष अधिकारीले बताए । सर कारको यस्तो कदमले लोकतन्त्रको आधारभूत मान्यतामाथि नै प्रश्न उठाउने महासंघको ठहर छ ।



संविधानले सुनिश्चित गरेको पूर्णप्रेस स्वतन्त्रता र सूचनाको बहुलवादलाई कमजोर बनाउने खतरा औंल्याउँदै निजी सञ्चार माध्यमलाई आर्थिकरुपमा कमजोर पार्ने नीति प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हुने महासंघले जनाएको छ । निजी सञ्चारमाध्यम पनि राज्यकै अङ्ग र करदाता भएकाले उनीहरुलाई प्रतिस्पर्धाबाट बाहिर राख्नु न्यायोचित नहुने पनि महासंघले स्पष्ट पारेको छ । विज्ञापन ऐन, २०७६ को भावनाविपरीत एकपक्षीयरुपमा सर कारी सञ्चारमाध्यमलाई मात्र विज्ञापन दिने व्यवस्था पारदर्शिता र समान अवसरको सिद्धान्त विपरीत रहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

सरकारको निर्णयबाट विशेषगरी स्थानीय सञ्चारमाध्यमको अस्तित्वमाथि गम्भीर चुनौती थपिएको अध्यक्ष अधिकारीले बताएका छन् । स्थानीयस्तरका सूचना र विज्ञापन स्थानीय सञ्चार माध्यममार्फत प्रवाह गर्दा बढी प्रभावकारी र कम खर्चिलो हुने भएपनि त्यसलाई बेवास्ता गरिएको आरोप लगाइएको छ । ज्ञापनपत्रमा कम लागतमा बढी पहुँच भएका निजी तथा स्थानीय सञ्चार माध्यमलाई छाडेर महँगो दरमा सरकारी सञ्चारमाध्यममार्फत विज्ञापन प्रवाह गर्नु राज्यको ढुकुटीमाथिको अनावश्यक भार भएको उल्लेख गरिएको छ ।

निजी सञ्चारमाध्यममा कार्यरत श्रमजीवी पत्रकार तथा कर्मचारीको रोजगारीमा प्रत्यक्ष असर पर्ने भन्दै महासंघले गम्भीर चिन्ता व्यक्त गरेको छ । यस्तो नीतिले बेरोजगारीको समस्या झनै जटिल बन्ने चेतावनी दिइएको छ ।

महासंघले खुलाबजार अर्थतन्त्र र स्वच्छ प्रतिस्पर्धाको मर्मविपरीत राज्यले एकाधिकार सिर्जना गर्न खोजेको आरोपसमेत लगाएको छ । विज्ञापन वितरण गर्दा सरकारी वा निजी नभई सञ्चार माध्यमको पहुँच, प्रभाव, नियमितता र गुणस्तरका आधारमा निष्पक्ष मापदण्ड लागू गर्नुपर्नेमा जोड दिइएको छ ।

विवादास्पद प्रावधानहरुको तत्काल पुनरावलोकन गरी सरकारी, निजी तथा स्थानीय सञ्चारमाध्यम बीच न्यायोचित र समानुपातिकरुपमा विज्ञापन वितरण सुनिश्चित गर्न सरकारसमक्ष माग गरेको छ । साथै, प्रेस स्वतन्त्रता र सञ्चार क्षेत्रको दिगोपनाको संरक्षणका लागि यस्ता नीतिहरु सच्याउन आवश्यक रहेको पनि ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

**सरकारी विज्ञापन नियमन र व्यवस्थित गर्छौं: सञ्चारमन्त्री डा.तिमल्सिना**

सञ्चार तथा सूचना प्रविधि मन्त्री डा.विक्रम तिमल्सिनाले सरकारी विज्ञापनलाई नियमन र थप व्यवस्थित गरिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री डा.तिमल्सिनाले सञ्चार जगत् र सरकार मिलेरै अघि बढ्ने बताएका हुन् । साना तथा स्वरोजगारमुखी मिडियाका समस्या समाधानबारे सरकार सकारात्मक रहेको उनले बताए । मन्त्री तिमल्सिनाको भनाई उद्धृत गर्दै पत्रकार महासंघका बागमती प्रदेश अध्यक्ष कृष्ण सारुले भने, 'सरकारी विज्ञापन नियमन र व्यवस्थित गर्छौं । स्थानीय तहको विज्ञापन सूचना सबैले पाउँछन् । तर, व्यवस्थित गर्न केही समय लाग्छ । सञ्चारजगत् र सरकार मिलेरै अघि बढ्ने हो ।'

महासंघका बागमती प्रदेश अध्यक्ष सारुमगरको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मन्त्री तिमल्सिनालाई भेटी सफल कार्यकालको शुभकामनासहित ६ बुँदे ज्ञापनपत्र बुझाएको हो । गत चैत २७ र २८ गते दोलखाको पर्यटकीय नगरी जिरीमा सम्पन्न बागमती प्रदेशका जिल्ला अध्यक्ष तथा प्रदेशस्तरीय पत्रकार संगठनका प्रतिनिधिको बैठकले तय गरेका साझा धारणा समेटेर मन्त्रालयको ध्यानाकर्षण गराइएको अध्यक्ष सारुमगरले जानकारी दिए । पत्रमा सरकारी विज्ञापन प्रकाशन प्रसारणमा देखिएको अनियमितता तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले चालेका प्रयासको स्वागत गर्दै यसभित्रका विकृतिको निष्पक्ष छानबीन गर्न माग गरिएको छ ।

त्यस्तै, सरकारी विज्ञापन वितरणमा सरकारी र निजी मिडियाबीच कुनैपनि प्रकारको विभेद नगर्न र श्रमजीवी पत्रकारले सञ्चालन गरेका साना तथा स्वरोजगारमुखी सञ्चार माध्यमको हित र प्रवर्द्धनका लागि 'पूर्ण समानुपातिक विज्ञापन नीति' तत्काल कार्यान्वयन गर्न माग गरिएको छ । स्थानीयस्तरमा प्रवाह गरिने सूचना तथा जनचेतनामूलक सन्देशहरु अनिवार्यरुपमा स्थानीय सञ्चारमाध्यममार्फत् नै प्रकाशन प्रसारण हुने व्यवस्था मिलाउन तीनै तहका सरकारले ध्यान दिन पनि सरकारको ध्यानाकर्षण गराइएको छ । अध्यक्ष सारुले महासंघले संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण वा संकुचित गर्ने कुनैपनि क्रियाकलाप सरकारबाट नगर्न सरकारको ध्यानाकर्षण गराइएको बताएका छन् ।

# सवारी बिक्री र एक्सचेञ्जका नाममा नयाँसवारी भित्राउन तत्काल रोक्न माग



साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ हेटौंडा उपमहानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका तीनपांग्रे सवारीसाधन व्यवस्थापन सम्बन्धी समस्या बढ्दै गएको भन्दै यातायात व्यवसायी तथा मजदुर संघ संस्थाले नगरप्रमुखको ध्यानाकर्षण गराएका छन् ।

बिहीबार यातायात सम्बन्धी ६ संगठनले संयुक्तरुपमा १० बुँदे माग राख्दै हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामालाई ध्यानाकर्षणपत्र बुझाएका हुन् । व्यवसायीका अनुसार २०६९/७० सालदेखि तीनपांग्रे सवारी सञ्चालन गर्दै आएका मजदुर नगरपालिकाको सहकार्यमा २०७६ सालदेखि स्टिकर प्रणालीमार्फत व्यवस्थितरुपमा सञ्चालन हुँदै आएका थिए । हाल उपमहानगरक्षेत्रमा स्टिकर भएका करिब २ हजार ३५ सवारी सञ्चालनमा रहेपनि विभिन्न गाउँपालिकाबाट अनुमति लिई भित्राइएका ४ हजार ५ सय भन्दा बढी सवारीका कारण बजारक्षेत्रमा अस्तव्यस्तता बढेको उनीहरुले ध्यानाकर्षणपत्रमार्फत जानकारी गराएका छन् ।

यातायात व्यवसायीले अवैधरुपमा अनुमति नलिई सवारी बिक्री गर्ने कम्पनी र बिचौलियाका कारण समस्या झन् जटिल बनेको बताएका छन् । विशेषगरी रातो नम्बर प्लेटका निजी सवारीले कानुनविपरीत यात्रु तथा सामान ओसारपसार गरिरहेको भन्दै यसले वैध व्यवसायीलाई मर्का परेको उनीहरुको आरोप रहेको छ । बढ्दो पेट्रोलियम मूल्यका कारण विद्युतीय सवारीतर्फ आकर्षण बढेको भएपनि यसको व्यवस्थापनमा स्पष्ट नीति आवश्यक रहेको व्यवसायीको धारणा रहेको छ ।

सम्बन्धित निकायसँग समन्वय नगरी सवारी बिक्री र एक्सचेञ्जका नाममा नयाँ साधन भित्राउने कार्य तत्काल रोक्न माग गरिएको छ । व्यवसायीले ट्राफिक प्रहरीमार्फत् रातो नम्बर प्लेटका सवारीमा कडाइ गर्न, नगरप्रहरीलाई स्टिकर जाँचको अधिकार दिन, अवैध सवारीलाई कारबाही गर्न तथा नक्कली स्टिकर नियन्त्रण गर्नुपर्ने माग राखेका छन् ।

ध्यानाकर्षणपत्रमा विभिन्न यातायात व्यवसायी संघका प्रतिनिधिले हस्ताक्षर गर्दै उपमहानगरलाई तत्काल प्रभावकारी नीति लागू गर्न आग्रह गरेका छन् ।

# व्यक्तिगत खर्च गरेर सडक निर्माण



साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ मकवानपुरको मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले आफूलाई प्राप्त हुने तलब भत्ताको सेवासुविधा सहित व्यक्तिगत खर्च व्यहोरेर मनहरी गाउँपालिका वडा २ को स्ल्याव ढलान गरेका छन् ।

गत कात्तिक २९ मा उनले औपचारिक कार्यक्रमबीच व्यक्तिगत लगानीमा स्ल्याव ढलान गर्ने औपचारिक घोषणा गरेसँगै निर्माण प्रक्रिया अगाडि बढेको थियो । वडा नम्बर २ कार्यालय भुन्द्रुङटाँडीदेखि कर्मचोकको गाउँवस्तीलाई जोड्ने २०० मिटर सडकलाई स्ल्याव गरिएको हो । यहाँ कुल २० लाख रुपैयाँ लगानीमा २०० मिटर लम्बाई र ६ मिटर चौडाईमा स्ल्याव ढलान भएको मनहरी गाउँपालिका प्राविधिक टुकराज चौधरीले जानकारी दिए । मनहरी गाउँपालिकाको ९ वडामध्ये सबैभन्दा विकट रहेको २ नम्बर वडा भुन्द्रुङटाँडीका स्थानीय अझैसम्म खानेपानी, शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार र तटबन्धनको समस्यासँग जुध्नुपरेको अध्यक्ष कालाखेतीले बताए ।

स्थानीयहरु दैनिकजस्तो यस्ता आधारभूत आवश्यक्ताको समस्या लिएर पालिका धाउने गरेको उनले बताए ।

त्यसो त वर्षौंदेखि पक्की सडकको पर्खाइमा रहेका कर्मचोकका स्थानीयको समस्यालाई सम्बोधन गर्दै बाटो निर्माणकार्य थालनी गरिने प्रतिबद्धता जाहेर गरेका कालाखेतीले विहीबार नवनिर्मित स्ल्यावको उद्घाटन गरे । 'जनप्रतिनिधिले पार दर्शी ढंगले सेवाप्रवाह गर्नुपर्छ भन्ने सिद्धान्त बोकेर हिँडेको छु । जनप्रतिनिधि हुनेवितिक्कै बजेटमाथि भ्रष्टाचार गर्ने, कमिसन हात पार्ने लगायत नागरिक भाष्यलाई चिर्दै आफ्नो कार्यकाललाई उदाहरणीय बनाउन तत्पर छु । दलीय स्वार्थभन्दा माथि उठेर आगामी दिनमा स्थानीयको समस्या र आवश्यक्तालाई सम्बोधन गर्ने प्रतिवद्धता गर्दछु' उनले भने । कार्यक्रममा वडाअध्यक्ष राजकुमार पाखीनले वडा कार्यालय जोडिएकै सडक कच्ची रहँदा स्थानीय वर्षौंदेखि समस्यामा रहेको बताए ।

# मानव-वन्यजन्तु द्वन्द्व अन्त्य गर्न 'बाघमित्र' अभियान




साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ बाघलगायत वन्यजन्तुबाट हुने क्षतिका घटना न्यून गर्न पर्सा राष्ट्रिय निकुञ्जले 'बाघ मित्र' अभियान सञ्चालन गरेको छ ।

मानव-वन्यजन्तु सहअस्तित्व प्रवर्द्धन गर्ने तथा वन्यजन्तुबाट हुने क्षतिलाई शून्यमा झार्ने लक्ष्यसहित निकुञ्जले यो अभियान सञ्चालन गरेको हो । निकुञ्जसँग जोडिएको पर्सा, बारा र मकवानपुरका डिभिजन वन कार्यालयको समन्वयमा समुदायस्तरमा अभियान सञ्चालन गरिएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाले बताए । अभियानअन्तर्गत् समुदायको अग्रसरतामा वन्यजन्तुको महत्वबारे चेतना जगाउने, वन्यजन्तुबाट कसरी बच्ने, समस्या परेका बखत कसरी समाधान खोज्ने ? लगायत छलफल जारी छन् ।

बाघका माध्यमबाट पर्यापर्यटन प्रवर्द्धन गर्न सकिनेमा जोड दिँदै उनले जंगलमा आगो लगाउने, चोरीशिकारी जस्ता गतिविधिका कारण वन्यजन्तु जंगलबाट बाहिर निस्कने गरेकाले त्यस्ता गतिविधि हुननदिनेतर्फ सबैलाई सचेत गर्न अभियान सञ्चालन गरिएको बताए । यसैबीच निकुञ्ज प्रशासनले चालु आर्थिक वर्षको प्रथम ९ महिनामा बाघसहितका वन्यजन्तुबाट पीडित भएकालाई क्षतिपूर्तिस्वरुप १९ लाख रुपैयाँ प्रदान गरिएको जनाको छ । वन्यजन्तुबाट सबैभन्दा बढी हानि मकवानपुरमा भएको छ ।

सोहीअवधिमा हातहतियार सिकारी तथा वन काठपात दाउरा सम्बन्धी सातवटा मुद्दादर्ता भएका छन् । हातहतियार सिकारीसम्बन्धी ६ वटा र वन काठपात दाउरा सम्बन्धी एउटा मुद्दादर्ता हुदाँ १५ जना पक्राउ परेका छन् ।

त्यसैगरी, निकुञ्जले गिट्टीबालुवा तथा वनपैदावारको सलामी शुल्कवापत ६० लाख ५३ हजार राजस्व संकलन गरेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# घ्याङलेकको मुहार फेरिँदै

सिन्धुलीको सबैभन्दा विकट मानिने घ्याङलेकमा भौतिक पूर्वाधार निर्माण भएसँगै स्थानीयको जीवनस्तर सहज बनेको छ । बागमती प्रदेश सरकारले मानवविकास सूचकांकमा पछि परेको सिन्धुलीको घ्याङलेक गाउँपालिकामा साढे १६ किलोमिटर सडक कालोपत्रे र दुईवटा पक्की पुल निर्माण गरेको हो । प्रदेश सरकारको करिब ४७ करोड रुपैयाँको लगानीमा २५ किलोमिटर लामो पिपलभञ्ज्याङ-हायूटार-रामपुर सडकमध्ये साढे १६ किलोमिटर सडक साढे ५ मिटर चौडा कालोपत्रे भएको हो । घ्याङलेक-२ को ठाडीखोला र वडा नं. ३ को तामाजोरखोलामा ४०/४० मिटर लामा दुईवटा पक्की पुल पनि निर्माण भएका छन् । प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा.दिनेशचन्द्र देवकोटाले नवनिर्मित कालोपत्रे सडक र पुलको उद्घाटन गरेका छन् । पूर्वाधार विकास कार्यालय सिन्धुलीकाअनुसार, २४ करोड ८८ लाखमा १०.२० किमि र १० करोड ८० लाखमा ६.३० किमिका दुई सडकखण्ड निर्माण भएका हुन् । ११ करोड २८ लाखको लागतमा दुईवटा पक्की पुल निर्माण सम्पन्न भएका छन् । यी योजनाको म्याद २०८३ सालसम्म भएता पनि तोकिएको समयअगावै काम सम्पन्न भएको कार्यालयले जनाएको छ ।

मानवविकास सूचकांकमा पछि परेका घ्याङलेक, धादिङको रुबीभ्याली र सिन्धुपाल्चोकको पाँचपोखरीथाङपालमा मन्त्रालयले विशेष प्राथमिकता दिएर काम गरिरहेको बताउँदै मन्त्री देवकोटाले घ्याङलेकको पूर्वाधार विकासका लागि थप ३५ करोड रुपैयाँ बजेटको प्रतिबद्धता जनाएका छन् । विकासमा दलीय स्वार्थभन्दा माथि उठ्न आग्रह गर्दै जनताको जीवनस्तरमा आमूल परिवर्तन ल्याउन अन्य मन्त्रालयसँग सहकार्यमा गरेर लक्षित कार्यक्रम घोषणा गरिने मन्त्री डा. देवकोटाले बताए । जबसम्म विकासलाई जनताले आत्मसात् गर्दैनन्, तबसम्म त्यो वास्तविक विकास हुन सक्दैन । हामीले बनाएका यी संरचनाले यहाँको भूगोल र जनताको जीवनस्तरमा आमूल परिवर्तन ल्याउनुपर्छ । बागमती प्रदेशका ६६ निर्वाचन क्षेत्रमध्ये सबैभन्दा पछि परेको यसक्षेत्रको पूर्वाधार विकासमा प्रदेश सरकारको विशेष ध्यान जानुपर्ने, मानवविकास सूचकांकले देखाएको तथ्यांकले यहाँको अवस्था बोल्ने प्रदेशसभा सदस्यहरुले बताएका छन् । यो क्षेत्रको विकासमा प्रदेश सरकारको विशेष ध्यान आवश्यक छ । प्रदेश संरचनाकै कारण घ्याङलेकजस्तो विकट ठाउँ राजधानीसँग जोडिन सम्भव भएको छ । भौतिक विकाससँगै मानवीय चेतनाको विकासमा ध्यान पुऱ्याउनु जरुरी छ । विकास गाउँमा पुग्दै गर्दा त्यसका उपभोक्ता सहर केन्द्रित हुने गरेका नजीर पर्याप्त छन् । समयमै काम सम्पन्न गरेकोमा निर्माण व्यवसायीलाई सम्मानपत्र प्रदान गरिएको थियो । नेपालका कतिपय योजनाको ठेक्काको म्याद थपेको थप्यै गर्दा पनि आधा काम भएका छैनन् । सडक पूर्वाधार बनेपछि सिन्धुलीको 'कर्णाली' भनिने घ्याङलेक दुर्गममात्र रहेन, यो सम्भावनाको केन्द्र बनेको छ । संघीय सरकारको तुलनामा प्रदेश सरकारको निर्णयप्रक्रिया छिटो भएकाले नै घ्याङलेकको सडक समयमै सम्पन्न हुन सकेको हो । समयमै काम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्ड दिने स्पष्ट कानुनी व्यवस्थाको आवश्यकता छ ।

नयाँ सडक बनेपछि सवारीको गति बढ्ने र दुर्घटनाको जोखिम पनि बढ्न सक्ने भन्दै सचेत गराइएको छ । घर तथा अन्य संरचना निर्माण गर्दा सडकको मापदण्डलाई ध्यान दिन नागरिक र स्थानीय तहलाई अनुरोध गरिएको छ । प्रादेशिक सडकको करिब ९ किलोमिटर कालोपत्रे र दुईवटा महत्वपूर्ण पुल निर्माण गर्न अझै बाँकी छ । यी सबै काम सकिएपछि घ्याङलेक मदन भण्डारी राजमार्ग र बीपी राजमार्गसँग जोडिनेछ । त्यसपछि जिल्ला सदरमुकाम मात्र होइन, प्रदेश र संघीय राजधानीसम्मको पहुँच अझ सहज बन्नेछ । निर्माण हुन बाँकी दुई पुलमध्ये हाँडीखोलाको २० मिटर लामो पुलको ठेक्का सम्झौता भइसकेको छ । मरिणखोलामा पुल बनाउन र सडक कालोपत्रे गर्न बजेट स्वीकृत भएर आएपछि काम सुरु हुने बताइएको छ । पहिला यही बाटोमा नुन-तेल बोकेर दिनभर हिँड्दा पनि सिन्धुली बजारसम्म पुगेर फर्किन मुस्किल थियो । आज गाडी कुदेको देख्दा सपनाजस्तै लागेको भन्दै स्थानीयले खुशी ब्यक्त गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १२ गते शनिबार २५ अप्रिल २०२६ । नवमी, वैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३२ सूर्यास्त ६:३३ । सीता जयन्ती । औलो दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# प्रशासन सुधारका लागि प्राथमिकताका विषय



✍ तुल खड्का

नेपालको प्रशासन संयन्त्र, सुधार र रूपान्तरणका ग्रन्थ र ठेली बोकेर हिंडिरहेको छ । २००९ सालको बुच कमिशनबाट प्रारम्भ भएको सुधारका प्रतिवेदन दर्जनभन्दा माथि पुगेका छन् । संरचनात्मक सुधारमा जोड दिँदै आएको कर्मचारीतन्त्र अब सोच, संस्कार र व्यवहारमा परिवर्तन गर्नुपर्ने ठाउँमा आइपुगेको छ । भौतिक व्यवस्थापनको अल्झनबाट प्रविधि व्यवस्थापनको युगमा पुगेको छ । शासक र हाकिम संस्कृतिबाट सेवकको संस्कृतिमा आइपुगेको छ । नेपालको राजनीतिक कोर्षमा आमूल परिवर्तन भई नातिपुस्तामा आइसकेको छ । यसको गति निकै तेज छ । त्यो गतिको लय र सुर समात्न प्रशासनतन्त्र सुधारको लागि चार कदम हिंड्नुपर्नेछ । राज्यका संयन्त्रहरू जति बलिया र सबल हुन्छन् त्यति नै राज्य निर्माण बलियो हुन जान्छ ।

नेपालमा प्रशासनतन्त्र हरेक शासन व्यवस्थामा प्रयोग हुँदै आयो । आफ्नो मियोमा बस्न सकेन भन्ने आरोप पनि छन् । राजनीति र प्रशासन बीचको शक्ति विभाजनको र सन्तुलनको सिद्धान्त बिर्सिएर परस्पर सन्तुलनको सिद्धान्तमा पुग्यो भन्ने तथ्य पनि उजागर भएका छन् । संसारमा जहाँ राजनीतिक परिवर्तनसँग प्रशासनतन्त्र पनि तरल भएर चल्न थाल्छ तब त्यसले अपेक्षित नतिजा दिन सक्दैन । अस्थिर सरकार फ्रान्समा पनि छ । तर कर्मचारीतन्त्र बलियो छ । आन्दोलन अन्य देशमा पनि हुन्छ । तर प्रशासनयन्त्र बलियो हुन्छ । त्यसले गर्दा विकास र सेवा प्रवाहका कार्यमा कुनै असर पर्दैन । तर नेपालको प्रशासन संयन्त्र राजनीतिक परिवर्तनसँग निरन्तर अस्थिर रूपमा परिवर्तन हुँदा गर्नुपर्ने धेरै काम हुन सकेनन् ।

विगतका तितामिठा अनुभवबाट प्रशासनतन्त्रलाई सुधार गरी घरदैलो प्रशासनमा रूपान्तरण गर्न संरचना र संयन्त्र सुधारका क्षेत्रमा धेरै काम गर्नुपर्ने हुन्छ । प्रशासनतन्त्र निश्चित विधि र प्रक्रियामा कार्य गर्ने संयन्त्र भएकाले यसको सुधारको लागि कानूनबाट नै समस्या खोज्नुपर्ने हुन्छ । कर्मचारी भन्दा प्रशासनतन्त्र बलियो हुने र पात्र भन्दा पद्धति बलियो हुने गरी रूपान्तरण खोज्नुपर्ने बेला भएको छ ।

मुलुक संघीय राज्य व्यवस्थामा अभ्यस्त भइसक्दा पनि प्रशासनिक संघीयता व्यवस्थित गर्न नसक्दा अपेक्षित लाभ जनतासामु पुग्न सकेका छैनन् । अब सुधारको विन्दु संघीय निजामती सेवाबाट नै खोज्नुपर्ने हुन्छ । त्यसमा केही सुधारका आधारभूत कुरा गर्नुपर्ने हुन्छ, जसलाई प्रस्तुत आलेखमा उल्लेख गरिएको छ ।

### राजनीति र प्रशासन बीचको सीमा विभाजन

राजनीति र प्रशासनको ध्येय एउटै हो भने द्वन्द्व नहुनुपर्ने हो । कार्यसम्पादनमा देखिएका विवादका कारण अदालतमा मुद्दा दर्ता भएका छन् । प्रशासनतन्त्रले तटस्थ रूपमा भूमिका निर्वाह गर्न नसक्दा धेरै कलुषित निर्णय भएका छन् । सार्वजनिक विकास, खरिद, भुक्तानी र परियोजना सञ्चालनका काम प्रशासन र राजनीतिको मुख नमिलेको कारण मुद्दा-मामिला भएका छन् । एउटाको दबाब र अर्काको ठाडो आदेशले काममा बाधा परेको छ । ललिता निवासका मुद्दामा नेताले सफाइ पाए कर्मचारीलाई सजाय भन्ने ठूला समाचार बने ।

अदालतमा बयान र बकपत्रको तथ्य हेर्दा आरोप र प्रत्यारोप भएको देखिन्छ । राजनीतिक दबाब र प्रभावमा काम गर्नुपर्ने कर्मचारीतन्त्रको विडम्बनाको अन्त्य गर्न कानूनी रूपमा स्पष्ट बोलिनुपर्दछ । कार्यसम्पादनमा हस्तक्षेप गर्न नहुने विषय स्पष्ट गर्नुपर्दछ ।

### कार्य स्वतन्त्रता र व्यवस्थापकीय स्वायत्तता

जबसम्म प्रशासनले स्वतन्त्रपूर्वक कार्य गर्न सक्दैन तबसम्म उसले नजिता दिन सक्दैन । दबाब र प्रभावले गरेका कामको गुणस्तर कमजोर हुने गर्दछ । हरेक कर्मचारीलाई उसले गरेको कामको जिम्मेवार र भागीदार हुने परिपाटीको विकास गर्नुपर्दछ । हिजो जस्तै आशिष र हुकुमबाट काम गर्ने संस्कृतिको अन्त्य गर्नुपर्दछ । कानूनमा बोलिनुपर्दछ कि हरेक कर्मचारीलाई कार्यस्वतन्त्रता र व्यवस्थापकीय स्वायत्तता हुनेछ भनेर ।

### सामूहिक जवाफदेही प्रणालीको विकास

सामूहिक कामको सामूहिक रूपमा जवाफ दिने प्रणालीको विकास गर्नुपर्दछ । कार्यसम्पादनको जस सबैले लिन खोज्ने र जिम्मेवारी पन्छाउन खोज्ने परिपाटीलाई कानूनी रूपमा सम्बोधन गर्नुपर्दछ ।

रुवान्डामा स्थानीय तहका प्रमुखहरूले राष्ट्रपतिसँग सार्वजनिक रूपमा विकासको प्रतिज्ञा गर्छन् । अबका संगठनका लागि टिमवर्क, टिम स्प्रिडलाई प्रोत्साहन गर्नुपर्दछ ।

### प्रशासनको गैर-राजनीतीकरण

प्रशासनतन्त्रको माथिल्लो पदमा राजनीतिज्ञले चुज एण्ड पिक जिम्मेवारी दिने प्रचलन छ भने तल्लो पदमा राजनीतिक प्रभाव र दबाबका आधारमा कर्मचारीको खटनपटन हुने प्रणाली कायमै छ । त्यसको अन्त्यको लागि गैरराजनीतीकरण पहिलो शर्त हो । प्रशासनको ठूलो समस्या नै अधिक राजनीतीकरण हुनु हो । यसमा ट्रेड युनियनको व्यवस्थालाई व्यवस्थित गर्नु अपरिहार्य भएको छ ।

दलको वैचारिक आस्थाको आधारमा हुने दलगत ट्रेड यूनियन कसैले रुचाएका छैनन् । यसको सट्टा कर्मचारीको हकहित र व्यावसायिकताका लागि एउटै मात्र पेशागत मर्यादामैत्री 'आधिकारिक युनियन' निर्वाचन मार्फत चयन गर्ने व्यवस्था गर्न सकिन्छ ।

### डिजिटल ट्रान्सफर्मेसन

प्रशासनतन्त्रले गर्ने कामको पूर्ण डिजिटलाइजेशन र त्यसको आन्तरिकीकरण गर्ने काम कानूनले नै सम्बोधन गर्नुपर्ने विषय हो । यसको लागि आवश्यक पर्ने स्रोत-साधनको प्रबन्ध र त्यसको प्रयोग गर्नुपर्ने विषयमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

जब मान्छेले काम गर्दैन तब प्रविधिले काम गर्दछ भन्ने गरिन्छ । दक्षिण कोरियामा जनताका गुनासा सुन्न र सम्बोधन गर्न एउटै शक्तिशाली डिजिटल प्लेटफर्म छ । जसले सार्वजनिक कामको प्रभावकारिता र विश्वास अभिवृद्धि गरेको छ ।

### कार्यसम्पादन प्रणालीका गर्नुपर्ने सुधार

काम गर्ने र नगर्नेलाई एउटै डालोमा हालेर मूल्यांकन गर्ने प्रणालीको अन्त्य गर्नुपर्दछ । यसको लागि कार्यसम्पादनका वस्तुनिष्ठ आधार र मापदण्ड तयार गर्नुपर्दछ । हरेक कर्मचारीलाई कार्य विवरणको आधारमा रेटिङ्ग गर्ने पद्धतिको विकास गर्नुपर्दछ ।

हरेक वर्षको निजामती सेवामा उत्कृष्ट कर्मचारी पाउन नसक्नुको मुख्य कारण नै स्पष्ट मापदण्ड नहुनु हो । अहिलेको जस्तो चिनजान र भनसुन मापदण्डको अन्त्य गरी कार्यसम्पादनलाई पहिलो शर्त बनाउनु पर्दछ ।

### वृत्ति-विकास प्रणाली

यस अन्तर्गत कर्मचारीलाई प्रदान गर्ने सेवा-सुविधामा सुधार गर्नुपर्ने देखिन्छ । यसको आधार कानूनले नै तय गर्नुपर्ने हुन्छ । कुपोषित कर्मचारीले गुणस्तरीय कार्यसम्पादन गर्न सक्दैन । यसको लागि कर्मचारीको शिक्षा, स्वास्थ्य र आवासको सम्बन्धमा कानूने बोल्नुपर्दछ । यसको लागि सहुलियत कर्जा वा सामूहिक आवासका प्रावधान राख्न सकिन्छ । आजभन्दा तीस वर्षअघि बनेको कानूनको निरन्तरता होइन यसलाई परि वर्तित व्यवस्था अनुरुप सोचेर वृत्तिविकास प्रणालीमा धेरै कुरा राख्न सकिन्छ ।

### नेतृत्वको विकास

नैतिकवान् नेतृत्व विकासको सम्बन्धमा कानूनले कुनै विषय बोल्दैन । नेतृत्व विकासको सम्बन्धमा कानून सधैं मौन छ । कानूनले यसको मार्ग खुल्ला गर्नुपर्दछ ।

### विशेषज्ञ प्रशासन

अबको कर्मचारीतन्त्र विज्ञतामा आधारित हुने गरी निर्माण गर्नुपर्दछ । त्यसको लागि तालिम, प्रशिक्षण, अध्ययन र क्षमताका विकासका अवसर सबैलाई हुने गरी तयार गर्नुपर्दछ । जर्मनीमा कर्मचारीलाई जुन क्षेत्रको ज्ञान र जानकारी छ त्यही विषयको जिम्मेवारी दिने प्रचलन छ । नेपालमा पनि 'जहाँ पनि जान सक्ने' सामान्य परिपाटी अन्त्य गरी विषयगत विशेषज्ञ नेतृत्वको विकास गर्नुपर्दछ । विदेशमा वाणिज्य विषय पढेर नेपालमा गृहमा काम गर्ने गरी जिम्मेवारी तोक्ने संस्कृति बदल्नुपर्दछ ।

### रिजल्ट डेलिभरी युनिट

नेपालको कर्मचारीतन्त्रमा नतिजामुखी परिपाटीको अभाव छ । कार्यान्वयनमा समस्या छ । हरेक विभागीय निकायमा डेलिभरी युनिट निर्माण गर्नुपर्दछ । यसले ठूला आयोजना र सरकारका न्यूनतम साझा कार्यक्रमहरूको दैनिक प्रगति अनुगमन गरी अवरोध फुकाउने कामको जिम्मेवारी तोक्न सकिन्छ ।

### सनसेट क्लजको व्यवस्था

अमेरिका र बेलायतको अभ्यास यस्तो व्यवस्था हुने गर्दछ । धेरै देशमा कुनै पनि सर कारी ऐन, नियम वा संस्थाको उपयोगिता सकिएपछि त्यो स्वत: खारेज हुने व्यवस्था भएको हुन्छ । नेपालमा काम नभएका तर राज्यको ढुकुटी रित्याइरहेका अनावश्यक समिति, बोर्ड र कार्यालयहरू खारेज गर्न प्रशासनिक पुनर्संर चना आयोगका प्रतिवेदनहरू तत्काल लागू गर्न यस्ता व्यवस्था गर्न सकिन्छ ।

### भ्रष्टाचारमा शून्य सहनशीलता र उच्च पारिश्रमिक

सिंगापुरले कर्मचारीलाई निजी क्षेत्र सरहको प्रतिस्पर्धी तलब दिने तर भ्रष्टाचारमा अत्यन्तै कडा सजाय दिने नीति लिएको छ । कर्मचारीको न्यून तलबमानले गर्दा हुने 'बाध्यात्मक भ्रष्टाचार' रोक्न सुविधामा पुनरावलोकन गर्ने र सदाचारिताको परीक्षण गर्ने संयन्त्र बनाउन आवश्यक हुन्छ ।

### प्रक्रियागत सरलीकरण र पुनर्संरचना

अनावश्यक र लामा प्रशासनिक प्रक्रियाहरूलाई हटाएर सेवा प्रवाहलाई सरल बनाउनुपर्छ । एकद्वार प्रणालीलाई प्रभावकारी बनाउने र जनताले साना कामका लागि पनि धेरै झ्याल धाउनुपर्ने अवस्थाको अन्त्य गर्न प्रशासनिक संरचनामा समयानुकूल सुधार आवश्यक छ ।

### मेरिटको संरक्षण

नेपालमा सार्वजनिक निकाय धेरै कमजोर हुनु पछाडिको कारण मेरिटको अवमूल्यन हो । कर्मचारी सरुवा-बढुवाका अधिकार स्वतन्त्र निकायबाट हुने प्रबन्ध गर्नुपर्दछ । प्रशासन पूर्णत: राजनीतिबाट अलग रहनको लागि छुट्टै संयन्त्र विकास गर्न सकिन्छ ।

### नवीनता र सिर्जनशीलता

संगठनमा जति धेरै सिर्जनशीलता र नवीनताले स्थान पाउँछ तब संगठन सक्षम र प्रतिस्पर्धी बन्ने गर्दछ । खुल्ला छलफल र विचार-विमर्शले मात्र संगठनलाई नवीन बनाउने गर्दछ ।

### प्रशासनिक अन्तरसम्बन्ध

मुलुक संघीयतामा रूपान्तरण भएसँगै तीन तह बीच प्रशासनिक अन्तरसम्बन्ध कायम गर्ने संयन्त्रको विकास गर्नुपर्दछ । सर्वोच्च अदालतले कर्मचारी समायोजनको मुद्दामा विगतमा समायोजन भएकालाई संघमा बढुवाको अवसर दिने गरी प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

एक पटकलाई अन्तरतह सरुवाको अवसर दिंदा कर्मचारीको मनाबल उच्च नै हुन्छ । प्रदेशका प्रमुख सचिव र मुख्य तथा स्थानीय तहको प्रशासकीय प्रमुखको विषय बहुसरकारको भावना विपरित नहुने गरी गर्नुपर्दछ ।

### इथिक्स र माइन्डसेट तालिम अर्थात् सफ्ट स्किल्स विकास

संस्कार नै हरेक संगठनको परिचय हो । कर्मचारीले गर्ने व्यवहार र कार्यले नै संगठनप्रतिको धारणा निर्माण हुन्छ । हाम्रोमा सेवामा सहायकस्तरका कर्मचारीलाई संगठनात्मक व्यवहार विना सिधै जिम्मेवारी पठाउन परिपाटी छ । कर्मचारीको रुखो व्यवहार जनताका लागि ठूलो टाउको दुखाइको विषय हो । सेवाग्राहीसँग कसरी बोल्ने, समस्या कसरी सुन्ने भन्ने विषयमा अनिवार्य 'सफ्ट स्किल' को अनिवार्य विकास गर्नुपर्ने देखिन्छ ।

### घरदैलो प्रशासन

फरक क्षमता भएका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिका लागि वडा कार्यालयबाटै वा घरदैलोमै पुगेर सेवा दिने 'मोबाइल गभर्नेन्स' इकाइहरू निर्माण गर्न सकिन्छ । यसको लागि हुलाक सेवालाई विविधीकरण र प्रविधीकरण गरी जिम्मेवारी तोक्न सकिन्छ ।

### अनुसन्धान र विकास

कर्मचारी अतिरिक्त समूहमा राख्ने व्यवहार र पद्धति निकै पुरानो भइसक्यो । यसले कर्मचारीमा नैराश्यता र अनुत्पादक बनाउँछ । त्यस्ता कर्मचारीलाई अनुसन्धान र विकासको कार्यमा सहभागिता गराउन अनुसन्धान र विकास युनिट निर्माण गर्नुपर्दछ । कर्मचारीलाई कामविहिनी बनाएर राख्नु भन्दा केही निश्चित जिम्मेवारी र भूमिका तोकेर कार्यसम्पादनमा लगाउनुपर्दछ । सुधार र अनुसन्धानका कार्य जिम्मेवारी दिन सकिन्छ ।

### ल्याटरल इन्ट्री

संगठनका माथिल्ला पदमा छड्के प्रवेशलाई निरन्तरता दिन आवश्यक देखिन्छ । यसले संगठनमा न्यू ब्लडको सर्कुलेशन हुने गर्दछ । यसलाई उपयोग गर्न सकियो भने सिजर्नी इफेक्ट सिर्जना गरी उत्पादनमूलक संरचनाको रूपमा विकास गर्न सकिन्छ ।

### कार्य वातावरण, उत्प्रेरण र मनोबल

आन्तरिक उत्प्रेरण विना कर्मचारीले उच्चकोटिको कार्य गर्न सक्दैनन् । काम आधुनिक गतिको खोज्ने सेवा-सुविधा र वातावरण राणाशासनकालीन बनाएर नतिजा निस्किदैन । कर्मचारीको लागि उत्कृष्ट र आधुनिक संगठनका उदाहरणका रूपमा एप कम्पनीलाई लिन सकिन्छ । उसले कर्मचारीलाई उत्कृष्ट कार्यसंस्कृति दिन्छ । नवीनता र उत्कृष्टतालाई प्रोत्साहन गर्दछ । कर्मचारीको लागि जिम, स्वास्थ्य केन्द्र, ध्यान केन्द्र र उत्कृष्ट क्याफ्टेरियाहरूको व्यवस्था गरेको छ ।

त्यस्तै गुगलले कर्मचारीलाई विश्वास र कार्यस्वतन्त्रता प्रदान गरेको छ । यसले ८०/२० नियय लागू गरेको छ । त्यो भनेको कार्य समयको २० प्रतिशत भाग आफ्नै रुचि लागेको कुनै नयाँ प्रोजेक्टमा खर्च गर्न अनुमति दिन्छ । यसरी संगठनका कर्मचारीलाई कसरी काम लगाउने, टिकाउने र नतिजा निकाल्ने पोलिसी निर्माण गरेका हुन्छन् । यसतर्फ अब बन्ने निजामती सेवा सम्बन्धी कानूनले प्रबन्ध गर्नुपर्ने देखिन्छ । वातावरण, उत्प्रेरणा र प्रेरणा दिन नसक्ने भुत्ते संगठनले वर्तमानको वेभ समात्न कठिन पर्दछ । अत:, नियत सफा नहुँदा र नियम सुधार नगर्दासम्म संरचनागत सुधारले मात्र नतिजा दिंदैन, यसको लागि नयाँ परिवर्तित व्यवस्था अनुरुपको व्यवहार आवश्यक पर्दछ । हाम्रोमा सुधारको बोध नभएको पनि होइन । र सुधारका सुझावको अभाव पनि होइन ।

सुधार सुझावको इमानदार पालना र राजनीतिक सामाजिक परिवेशसँगको सामन्जस्य मिलाउनु हो । अब प्रशासन केवल फाइल बोक्ने मात्र होइन । प्रक्रियामा अल्झिने संयन्त्र निर्माण गरेर मात्र पुग्दैन । यसलाई घरदैलो प्रशासन बनाउने गरी प्रविधिमा आधारित द्रुत प्रशासन बनाउनुपर्दछ । अबको राजनीतिक नेतृत्व पनि प्रशासनलाई आफ्नो छायाँबाट मुक्त राख्न प्रतिबद्ध हुनुपर्दछ । सक्षम, छरितो, स्थिर, अडिग र व्यावसायिक प्रशासनयन्त्र निर्माणको लागि रिफर्म, पर्फर्म र ट्रान्सफर्म पथमा अग्रसर हुनुपर्ने देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# सुशासनको जग: सम्पत्ति छानबिन र शुद्धीकरण

✍ वीरबहादुर बम

बालेन्द्र नेतृत्वको सरकार बनेदेखि नै सर्वसाधारणमा आशा पलाउन थालेको छ । १५ जना मन्त्रिमण्डलको सरकार बनेर यतिखेर लामो कालखण्डकै कम खर्चिलो सरकार रहेको छ । नेपालको राजनीतिमा पारदर्शिता र जवाफदेहिताजस्ता शब्द निकै प्रयोग हुने गरेकै हो । जो भाषणमा सबैभन्दा बढी सुनिन्छन् तर व्यवहारमा सबैभन्दा कम देखिन्छन् । हालै नेपालका प्रधानमन्त्री बालेन्द्र साह र उनको टिमले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेर एउटा सकारात्मक दबाब सिर्जना गरेको छ । यो कदम आफैंमा एउटा सन्देश हो कि जनताको प्रतिनिधि सफा हुनुपर्छ र त्यो सफाइ ऐनाजस्तै छर्लंग देखिनुपर्छ । तर केही व्यक्तिको पारदर्शिताले मात्रै देशको जकडिएको भ्रष्टाचारको जालो तोडिन सम्भव छ त ? पक्कै छैन ।

अहिले समय आएको छ, वि.सं. २०४६ को राजनीतिक परिवर्तनदेखि हालसम्म राजकीय सत्ता, प्रशासनिक संयन्त्र र निर्णायक तहमा बसेका प्रत्येक पदाधिकारीको सम्पत्तिमाथि निर्मम शल्यक्रिया गर्ने । जबसम्म सम्पत्ति शुद्धीकरणलाई अभियानकै रूपमा अगाडि बढाइँदैन, तबसम्म सुशासनको जग केवल बालुवाको महल साबित हुनेछ ।

नेपालमा प्रजातन्त्र र लोकतन्त्रका लागि धेरै बलिदान भए । व्यवस्था बदलियो, पात्रहरू बदलिए तर शासकहरूको प्रवृत्ति बदलिएन । २०४६ सालपछि देशमा एउटा नयाँ 'हुकुमी वर्ग'को उदय भयो । हिजो चप्पल लगाएर शहर छिरेका नेताहरू र सामान्य आर्थिक पृष्ठभूमि भएका कर्मचारीहरूको जीवनशैली आज कुनै मध्यमवर्गीय युरोपेली विलासिताभन्दा कम छैन । यो अस्वाभाविक आर्थिक छलाङको स्रोत के हो ? यो प्रश्नको जवाफ नै आजको नेपालको मुख्य खोज हुनुपर्छ । बालेन साहको नेतृत्वले जुन बाटो देखाएको छ, त्यो काठमाडौंका लागि मात्र होइन, सिंहदरबारका लागि पनि चुनौती हो । सार्वजनिक पदमा बस्ने व्यक्तिले आफ्नो सम्पत्ति लुकाउनु भनेको भ्रष्टाचारको नियत राख्नु नै हो । त्यसैले, २०४६ यताका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, संवैधानिक निकायका प्रमुख, सचिव र सुरक्षा निकायका उच्च अधिकारीहरूको सम्पत्ति सार्वजनिक गर्नु अब स्वैच्छिक होइन, अनिवार्य राष्ट्रिय अभियान बन्नुपर्छ । भ्रष्टाचारविरुद्धको लडाइँमा एउटा स्पष्ट सूत्र छ- 'सम्पत्तिको स्रोत देखाऊ, नत्र राज्यलाई सुम्प ।'

हाम्रो कानुनी व्यवस्थामा सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रावधानहरू भए तापनि ती ठूला माछालाई जालबाट उम्काउन र सानालाई मात्र समात्न प्रयोग भइरहेका छन् । यदि कोही व्यक्ति २०/३० वर्षदेखि राजनीति वा सार्वजनिक सेवामा छ र उसको जीवनशैली उसको वैधानिक आय (तलब, भत्ता, पुर्ख्यौली सम्पत्ति) भन्दा हजारौं गुणा बढी देखिन्छ भने, त्यहाँ सीधै प्रश्न उठ्छ ।

सस्तो अवस्थामा सरकारले दुईवटा कदम चाल्नुपर्छ- सार्वजनिकीकरण र राष्ट्रियकरण । उच्च पदस्थहरूको सम्पत्ति विवरण अनलाइन पोर्टलमार्फत आम जनताले हेर्न मिल्ने गरी राख्नु जरुरी छ । यदि छानबिनका क्रममा वैध स्रोत पुष्टि हुन नसकेमा त्यस्तो सम्पूर्ण चल-अचल सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ । स्रोत नखुलेको सम्पत्ति राज्यले आफ्नो नाममा ल्याउने हिम्मत गर्ने हो भने, नेपालको ऋणको भार आधा घट्न सक्छ । यसले एकातिर राज्यको ढुकुटी बलियो बनाउँछ भने अर्कोतिर 'भ्रष्टाचार गरेर सुख पाइँदैन' भन्ने कडा मनोवैज्ञानिक सन्देश समाजको तल्लो तहसम्म प्रवाह गर्छ ।

हाम्रो समाजमा एउटा गलत भाष्य स्थापित भएको छ, 'पदमा पुगेर पनि कमाउन नसक्ने त लाटो हो ।' यो मानसिकताले नै भ्रष्टाचारलाई सामाजिक स्वीकार्यता दिएको छ । जब उच्च तहका पदाधिकारीहरूको सम्पत्ति छानबिन हुन्छ र अवैध सम्पत्ति जफत गरिन्छ, तब मात्र यो मानसिकतामा प्रहार हुनेछ ।

सुशासन केवल फाइल घुमाउनु वा छिटो काम गर्नु मात्र होइन, सुशासन भनेको नैतिकता र इमानदारिताको कसी हो । जब कर्मचारी र नेतालाई थाहा हुन्छ कि उनीहरूको हरेक पैसाको हिसाब जनताले मागिरहेका छन्, तब उनीहरू घुस लिन र नीतिगत भ्रष्टाचार गर्न डराउनेछन् । भ्रष्टाचार गर्नुहुन्न भन्ने चेतना उपदेशले होइन, कडा कानुन र त्यसको प्रभावकारी कार्यान्वयनले मात्र आउँछ । विगतमा पनि सम्पत्ति छानबिनका नाममा धेरै आयोग बने, तर ती प्राय: राजनीतिक प्रतिशोध साँध्ने हतियार मात्र बने । अबको आवश्यकता त्यस्तो होइन । अब एउटा यस्तो स्वतन्त्र र शक्तिशाली सम्पत्ति छानबिन उच्चस्तरीय आयोग चाहिन्छ, जसमा निष्कलङ्क छवि भएका विज्ञहरू र नागरिक समाजको प्रतिनिधित्व होस् ।

वि.सं. २०४६ पछिका सबै विशिष्ट श्रेणीका पदाधिकारीको सम्पत्तिको लेखापरीक्षण गरिनुपर्छ । विदेशमा राखिएका अवैध सम्पत्ति र विदेशमा गरिएको लगानीको खोजी गर्नुपर्छ । बेनामी सम्पत्ति र नातागोताको नाममा लुकाइएका लगानी जफत गर्नुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# तेलको मूल्य बढ्ने सूचना पम्पलाई चुहाएर आयल निगमलाई करोडौं नोक्सानी

काठमाडौँ/ सामान्यतया नेपाल आयल निगमले पेट्रोल पम्पहरूलाई दैनिक औसत २० देखि २५ लाख लिटर पेट्रोल र ४५ देखि ५० लाख लिटर डिजेल बिक्री गर्ने गर्छ । तर, २८ फागुन २०८२ मा निगमले पेट्रोल पम्पहरूलाई ३० लाख ५५ हजार लिटर पेट्रोल र ८३ लाख ४५ हजार लिटर डिजेल बेच्यो । त्यस्तै २९ फागुनमा पेट्रोल पम्पहरूले ४२ लाख ५२ हजार लिटर पेट्रोल र ९६ लाख ६५ हजार लिटर डिजेल उठाए । ३० फागुनमा भने शनिबार भएर इन्धन बिक्री भएन ।




त्यसपछि १ चैतमा पनि ४८ लाख ६ हजार लिटर पेट्रोल र ९० लाख ९० हजार लिटर डिजेल बिक्री भयो । निगमले तीन दिन लगातार यसरी दैनिक औसतको दोब्बरभन्दा बढी परिमाणमा तेल बिक्री गरेसकेपछि १ चैत राति डिजेल र पेट्रोलको भाउमा उच्च वृद्धि गऱ्यो ।

अन्तर्राष्ट्रिय बजारमा भएको आकस्मिक मूल्यवृद्धिका कारण इन्डियन आयल कर्पोरेसन (आईओसी) ले इन्धन मूल्य बढाएर पठाएको भन्दै निगमले पेट्रोलमा १५ रुपैयाँ र डिजेलमा १० रुपैयाँ मूल्य बढाएको थियो ।

अन्तर्राष्ट्रिय बजारमा आएको उतारचढावका कारण पेट्रोलियम पदार्थको भाउ बढ्ने अनुमान त व्यवसायी तथा निगम कर्मचारीलाई पक्कै थाहा थियो होला । तर, ती तीन दिनमा जुन परिमाणमा डिजेल र पेट्रोल बेचियो, त्यसबाट भने उच्च मात्रामा भाउ बढ्दै गरेको सूचना पहिल्यै पम्पहरूलाई चुहाएर उनीहरूले मागेजति इन्धन बिक्री गरेको स्पष्ट हुन्छ । यसबाट निगमलाई करोडौं रुपैयाँ नोक्सानी भएको तथ्यांकबाट पुष्टि हुन्छ ।

१ चैतमा निगम व्यवस्थापनले बढेको मूल्यसूची सार्वजनिक गर्दै 'मूल्य बढाउँदा पनि संस्था १५ दिनमै ३ अर्ब ९३ करोड रुपैयाँ घाटामा जाने' भन्दै वित्तीय विवरण समेत सार्वजनिक गरेको थियो । तथ्यांकले स्पष्ट बोल्छ- निगमको घाटा अन्तर्राष्ट्रिय बजारका कारण मात्र भएको होइन, मूल्य बढ्नुअघि पेट्रोल पम्प सञ्चालक (डिलर) हरूलाई सूचना चुहाएर 'इन्साइडर ट्रेडिङ' गरी गैरकानुनी लाभ लिएका कारण करोडौं घाटा थपिएको देखिन्छ ।

निगमको तर्क हुन्छ- 'शनिबार बिदा हुने भएकाले शुक्रबार र आइतबार बजारमा तेलको माग केही बढी हुन्छ ।' बिदाअघि र पछि माग सामान्य बढ्नु स्वाभाविक हो । तर, तथ्यांक केलाउँदा जब मूल्य बढ्ने दिन आउँछ, तब औसतभन्दा दुई गुणाभन्दा बढी तेल डिलरहरूले उठाउँछन् । अनि जब मूल्य बढिसक्छ, तब शुक्रबार वा आइतबार नै परे पनि तेल बिक्री ह्वात्तै घट्छ ।

१ चैतमा मूल्य बढिसकेपछि आयल निगमले अर्को पटक भाउ बढाउने दिनको नजिकसम्मका तथ्यांक हेर्दा पनि यो तर्क पुष्टि हुन्छ । १ चैतमा मूल्य बढेपछि २ गते सोमबार बिक्री स्वात्तै घटेर पेट्रोल १६ लाख १४ हजार र डिजेल जम्मा ५५ लाख लिटरमा झऱ्यो । यस्तै ३ चैत मंगलबार पेट्रोल २३ लाख ४५ हजार र डिजेल ५१ लाख ७० हजार लिटर बिक्री हुँदा ४ चैत बुधबार पेट्रोल झनै घटेर १३ लाख ७८ हजार र डिजेल ४२ लाख १० हजार लिटर मात्रै निगमबाट बाहिरियो ।

यस्तो किन भयो ? उत्तर प्रष्ट छ, डिलरहरूले मूल्य बढ्नुअघि नै १ सय ५४ रुपैयाँमा किनेको पेट्रोल मूल्य बढेपछि १ सय ७२ रुपैयाँमा बेचेर रातारात करोडौं नाफा सुरक्षित गरिसकेका थिए । यसको सिधा अर्थ हुन्छ, निगमले आफ्नो खल्तीको पैसा मिलेमतोमा पेट्रोल पम्पहरूको खल्तीमा भरिदियो ।

त्यसपछिका दिनमा तेलको बिक्री बिस्तारै लयमा फर्कन खोज्यो । ५ चैत बिहीबार पेट्रोल २२ लाख २६ हजार र डिजेल ५४ लाख ९३ हजार लिटर बिक्री भयो भने ६ चैत शुक्रबार पेट्रोल २४ लाख ९० हजार र डिजेल ६६ लाख ४० हजार लिटर गयो ।

निगमले सामान्यतया अंग्रेजी महिनाको १ तारिख र १६ तारिखमा आईओसीबाट नयाँ मूल्यसूची आएपछि नेपालमा भाउ समायोजन गर्छ ।

तर, १ चैतमा मूल्य बढाएको निगमले त्यसबीच ११ चैतमा पुन: भाउ बढायो । बीचमा अचानक मूल्य बढाउँदा पनि त्यसको सूचना व्यवसायीलाई पहिले नै चुहाएको तथ्यांकले देखाउँछ । १० गते मंगलबार डिजेल सामान्यभन्दा बढेर ६० लाख लिटर र ११ गते ६१ लाख लिटर बिक्री भयो ।

११ गते साँझ निगमले पेट्रोल र डिजेलमा १५/१५ रुपैयाँ मूल्य बढ्यो । त्यसको भोलिपल्ट बिहीबारदेखि इन्धन बिक्री पुन: साधारण परिमाणमा झऱ्यो ।

अब निगमको 'शुक्रबार धेरै तेल बिक्छ' भन्ने तर्क यहाँ फेल खान्छ । १३ चैत शुक्रबार थियो, तर दुई दिनअघि मूल्य बढिसकेकाले महँगोमा तेल भण्डारण गर्न व्यवसायी गएनन् । जसका कारण त्यो शुक्रबार बिक्री ह्वात्तै घटेर पेट्रोल जम्मा १२ लाख ३७ हजार र डिजेल २३ लाख ३० हजार लिटरमा खुम्चियो । १४ गते शनिबार आंशिक खुला हुँदा जम्मा १ लाख लिटर हाराहारीमा मात्र तेल उठ्यो ।

चैत मध्यतिर फेरि अर्को चलखेल सुरु भयो । १५ चैत आइतबार पेट्रोल ३७ लाख ३६ हजार र डिजेल ९७ लाख ३० हजार लिटरको अस्वाभाविक बिक्री भयो । १६ गते सोमबार पनि बिक्री उच्च नै रह्यो (पेट्रोल २९ लाख, डिजेल ७५ लाख लिटर) । १७ गते मंगलबार हवाई इन्धनको मात्रै मूल्य बढ्दा पेट्रोल ३१ लाख ७४ हजार र डिजेल ६८ लाख ५० हजार लिटर गयो ।

१८ गते बुधबार बिक्री घटेर ९ लाख ५५ हजार लिटर पेट्रोल र ३६ लाख २५ हजार लिटर डिजेल मात्रै गयो । तर, फेरि १९ गते बिहीबार पेट्रोल र डिजेलमा १५ रुपैयाँ मूल्य बढ्ने दिन पेट्रोल २१ लाख १४ हजार र डिजेल ५८ लाख लिटर उठाइयो भने २० गते शुक्रबार पेट्रोल २० लाख ८६ हजार र डिजेल ४९ लाख लिटर बिक्री भयो । २१ गते शनिबार बिदापछि २२ गते आइतबार २६ लाख ७२ हजार लिटर पेट्रोल र ६५ लाख ७ हजार लिटर डिजेल गयो । २३ चैत सोमबारदेखि २५ गते बुधबार सम्म दैनिक बिक्री क्रमश: ओरालो लाग्दै पेट्रोल २१ लाखबाट १४ लाख लिटर र डिजेल ४९ लाखबाट ३२ लाख लिटरमा झऱ्यो ।

### नयाँ वर्षको मुखमा डिजेलमा ३० रुपैयाँको चलखेल

नयाँ वर्ष सुरुवातसँगै वैशाख २ गते भएको अर्को चरम चलखेलले निगमभित्रको चरम अनियमितता छर्लङ्ग पार्छ । २८ र २९ चैतको बिदापछि ३० गते सोमबार नै व्यवसायीले अस्वाभाविक रूपमा पेट्रोल ४३ लाख ७२ हजार र डिजेल ७६ लाख ७५ हजार लिटर उठाइसकेका थिए ।

नयाँ वर्ष १ वैशाखको बिदापछि २ वैशाख बुधबार निगमले पेट्रोलको मूल्य यथावत राखेर डिजेलमा मात्रै प्रतिलिटर ३० रुपैयाँ वृद्धि गऱ्यो । त्यो मूल्यवृद्धिको घोषणा हुनुअघि सोही दिन पेट्रोल ३४ लाख ६ हजार लिटर र डिजेल ६२ लाख ६८ हजार लिटर बिक्री भएको थियो ।

मूल्य बढेपछि ३ वैशाख बिहीबार डिजेल बिक्री ह्वात्तै घटेर ४२ लाख ८२ हजार लिटर र पेट्रोल २५ लाख ५८ हजार लिटरमा सीमित भयो । निगमको 'ईआरपी' सफ्टवेयरले कुन पम्पको भण्डारण क्षमता कति छ र उसको दैनिक औसत बिक्री कति हो भन्ने स्पष्ट रेकर्ड राख्छ ।

तर, दैनिक तथ्यांकले स्पष्ट पार्छ- अन्य दिनमा सामान्य बिक्री भइरहँदा मूल्य बढ्ने निश्चित भएको अघिल्लो दिन पम्पहरूले अस्वाभाविक माग लिएर आउँछन् र निगमका कर्मचारीले पनि मिलेमतोमा मागेजति तेल दिन्छन् । निगमले मूल्यवृद्धि हुनुअघिको अस्वाभाविक बिक्री रोक्न 'औसत कोटा प्रणाली' कडाइसाथ लागु पनि गर्दैन ।

यसरी निगमबाट सूचना चुहाएर सस्तोमा तेल किन्दै होल्ड गरेर महँगोमा बेच्दा व्यवसायीले रातारात करोडौं नाफा कमाइरहेका छन् । निगम उल्टै घाटाको भारी बोकेर सर्वसाधारणलाई महँगीको चक्रमा फसाइरहेको उपभोक्ता अधिकारकर्मी बताउँछन् ।

मूल्यवृद्धिको पूर्वसन्ध्यामा अस्वाभाविक तेल वितरण गर्नु 'जघन्य अपराध' भएको उपभोक्ता अधिकारकर्मी माधव तिमल्सिना बताउँछन् । आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाउनु एक-दुई दिन अघिमात्र व्यापारीलाई अस्वाभाविक रूपमा ठूलो मात्रामा इन्धन वितरण गरेको भन्दै कडा आपत्ति जनाएका छन् ।

एकातिर दिनभरि मिडियामा घाटा भयो भन्दै रुवाबासी गर्ने र अर्कातिर भोलिपल्ट मूल्य बढाउने योजना हुँदाहुँदै अघिल्लो दिन अस्वाभाविक मात्रामा तेल बाँड्ने कार्य सामान्य व्यापारिक सिद्धान्त विपरीत रहेको उनले बताए ।

'बजारमा तेल अभाव देखाउने, आपूर्ति शृंखला बिग्रिएको भन्ने, तर भोलिपल्ट मूल्य बढाउने तय भइसकेपछि अघिल्लो दिन व्यापारीलाई ठूलो मात्रामा तेल बाँड्ने काम भएको छ,' तिमल्सिनाले भने, 'यो उपभोक्ता र राज्यलाई घाटा पुऱ्याएर अमुक व्यक्ति र संस्था (व्यापारी) लाई फाइदा पुऱ्याउने नियतले गरिएको हो, यस्तो विषम परिस्थितिमा यो क्षम्य हुन सक्दैन ।'

यस प्रकरणमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव तथा निगम सञ्चालक समितिका अध्यक्ष सहितको नेतृत्व प्रत्यक्ष जिम्मेवार रहेको उनको भनाइ छ । मूल्य बढाउनुअघि निगमले कति परिमाणमा इन्धन वितरण गऱ्यो र सामान्य दिनको माग कति थियो भन्ने तथ्यांक निकालेर गहिरो छानबिन हुनुपर्ने उनले माग गरे ।

तिमल्सिनाले यस अनियमितता छानबिनका लागि संसद्को सार्वजनिक लेखा समिति, सम्बन्धित उपसमिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रधानमन्त्री कार्यालयले तत्काल हस्तक्षेप गर्नुपर्ने जोड दिएका छन् । 'राज्य र आम उपभोक्तालाई घाटामा पारेर सीमित व्यापारीलाई फाइदा पुग्ने गरी बाँडिएको तेलको परिमाणका आधारमा संलग्न व्यक्तिहरूको पहिचान गरी कडाभन्दा कडा कारबाही हुनुपर्छ,' तिमल्सिनाले भने । आयल निगमले इन्धन खपत घटाउन भन्दै दुई दिन बिदा दिनेजस्ता नियम ल्याउने तर व्यवहारमा भने व्यापारीलाई असीमित तेल दिएर कालोबजारी र चलखेललाई प्रश्रय दिएको भन्दै यो विषयलाई गम्भीरतापूर्वक उठाउनुपर्ने उनको भनाइ छ ।

### मूल्य बढ्नुअघि पम्पलाई बढी तेल दिएको पाइए कारबाही गर्छौं : निगम

नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले भने यस विषयमा आफू जानकार नभएको बताए । उनले पेट्रोलियम पदार्थको मूल्य बढ्नुअघि अस्वाभाविक रूपमा पम्पहरूलाई धेरै तेल वितरण गरिएको पाइए संलग्नमाथि कडा कारबाही गर्ने बताए । मूल्य बढ्नुअघि व्यवसायीलाई असीमित तेल बाँडिएको तथ्यांकबारे सोधिएको प्रश्नमा कार्यकारी निर्देशक डा. भट्टले सुरुमा यस्तो अस्वाभाविक बिक्री भएको कुरा आफूलाई नलागेको बताए ।

यद्यपि, उनले यो विषय कुन-कुन डिपोबाट भएको हो भनेर आफूले तत्काल तथ्यांक हेर्ने र छानबिन गर्ने प्रतिबद्धता जनाए । 'मलाई त्यस्तो लाग्दैन, कुन-कुन ठाउँबाट गएको रहेछ म एकपल्ट हेर्छु,' भट्टले भने, 'त्यस्तो किसिमको मूल्यवृद्धि हुने अघिल्लो दिनमै अथवा त्यसरी बढी बिक्री गरेको रहेछ भने हामी अनुसन्धान गरेर कारबाही गर्छौं ।'

निगमले इन्धन वितरणमा नियन्त्रण र कटौती गरिरहेको दाबी गर्दै उनले केन्द्रबाटै तेल कटौतीको कडा निर्देशन जारी भइसकेको जानकारी दिए । 'हामीले त कटौती गरेर पो बिक्री गरेका छौं, हामीले निर्देशन नै त्यही दिएका छौं,' उनले भने, 'गत आर्थिक वर्षको यो महिनामा जति तेल दिइएको थियो, त्योभन्दा २० प्रतिशत घटाउनु भनेर हामीले भनेका छौं ।'

कार्यकारी निर्देशक भट्टले निगमले अघिल्लो वर्षको तुलनामा २० प्रतिशतसम्म इन्धन कटौती गर्ने नीति लिएको दाबी गरे पनि मूल्य बढ्नुअघि कसरी डिलरहरूले अस्वाभाविक मात्रामा तेल उठाए भन्ने विषयमा भने उनले तत्काल डिपोहरूको रेकर्ड मगाएर अनुसन्धान गर्ने बताएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# नीर शाहको 'कमला मिस' साउन २२ मा प्रदर्शन हुने



काठमाडौं/अभिनेता नीर शाहको एक दशकपछिको निर्देशकीय कमब्याक फिल्म 'कमला मिस' साउन २२ गतेबाट प्रदर्शनमा आउने भएको छ । बिहीबार निर्माताले एप्पल इन्टरटेन्मेन्ट, रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीसँग वितरणसम्बन्धी सम्झौता गर्दै फिल्मको प्रदर्शन मिति तय गरेका हुन् । यो फिल्मको छायांकन सकिएर हाल सम्पादनको काम भइरहेको छ ।

मनोवैज्ञानिक कथावस्तुमा आधारित यस फिल्ममा निर्देशक शाहसहित रमेश बुढाथोकी, सुशान्त कुमार श्रेष्ठ, बासना तिमल्सिना, शिवम् सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, कृष्ण मुरारी ढुंगेल, जयन्त रेग्मी, सुरेश थापा, राजन केसी, सञ्जय खतिवडा, भोला सुवेदी लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

विजय मल्ल स्मृति प्रतिष्ठानका लागि उमा मल्लले निर्माण गरेको फिल्ममा उमेश मल्ल र चैतन्य प्रधान कार्यकारी निर्मातामा छन् । लाइन प्रोड्युसरका रूपमा पुष्कर लामा रहेका छन् । फिल्मको कथा स्वर्गीय साहित्यकार विजय मल्लको हो भने पटकथा तथा संवाद नीर शाह, प्रजल दुलाल र सुगम दुलालले संयुक्त रूपमा तयार पारेका हुन् ।

प्रेम र मातृत्वले बालबालिकामा पार्ने प्रभाव र अभिभावकको दायित्वको कथालाई मुख्य विषयवस्तु बनाइएको यस फिल्ममा शिवराम श्रेष्ठको छायांकन, युग भुसालको संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहेको छ । निर्माण व्यवस्थापक भोला सुवेदी हुन् । यो फिल्म विजय मल्लको चर्चित नाट्यकृति 'कोही किन बर्बाद होस्'को कथाबाट प्रेरित छ ।

# 'परालको आगो'मा अभिनय: प्रकाश र सुहानाका सप्ठ्यारा-अप्ठ्यारा क्षण



काठमाडौं/गुरुप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहमा सङ्गहित कथा 'परालको आगो' स्कुले जीवनमा नपढ्ने र नसुन्ने विरलै नेपाली होलान् । श्रीमान्-श्रीमतीको झगडामा आधारित यो कथामा नाटकदेखि फिल्मसम्म बनेका छन् । ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले उक्त कथामा फिल्म बनाएका थिए । एकपटक फेरि त्यही कथा र नाममा नयाँ फिल्म बनेको छ, जुन भोलि शुक्रबार प्रदर्शन हुँदैछ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको 'परालको आगो'मा प्रकाश सपूतले चामे र सुहाना थापाले गौंथली पात्रको भूमिकामा अभिनय गरेका छन् । अर्थात् उनीहरू श्रीमान्-श्रीमतीको भूमिकामा छन् । उनीहरू दुवैले अहिलेसम्म फिल्ममा गरेका पात्रहरूमध्ये यो सबैभन्दा चुनौतीपूर्ण थियो । कारण, फिल्मको पात्र उनीहरूको भोगाइ, सोचाइ र स्वभावभन्दा ठ्याक्कै विपरित थियो ।

गाउँघरमा जन्मे-हुर्केका प्रकाशले 'चामे' जस्ता पात्र समाजमा प्रत्यक्ष देखेका भए पनि सुहानाले बाँचेको परिवेश र 'गौंथली' पात्रको जीवनबीच भने आकाश-जमिनको अन्तर छ । यसले गर्दा उनलाई गौंथली बन्न सहज पक्कै थिएन । तर, मनोविज्ञानको विद्यार्थी भएकाले उनलाई उक्त पात्रको सोच, भावना, र व्यवहार बुझ्न भने धेरै सजिलो भयो ।

उनी भन्छिन्, 'यो फिल्मका लागि मसँग एक वर्षको समय थियो । म आफैं मनोविज्ञानको विद्यार्थी भएकाले घरेलु हिंसा भोगेका महिलाको मनोविज्ञान र त्यसको 'लेयरिङ' थाहा थियो । र, यो मैले देखेको र सुनेको कथा पनि हो । यसैले गौंथली पात्र 'रिलेटेबल' नै थियो । मनोविज्ञानको विद्यार्थी नभएको भए चाहिँ गौंथलीको मनोविज्ञान बुझ्न गाह्रो पर्थ्यो होला ।'

सुहानालाई बाल्यकालदेखि नै कृतिहरू पढ्न निकै रुचि थियो । कृतिमाथि बनेका 'वेस्टर्न' फिल्महरू पनि उनले धेरै हेरेकी छन् । कृतिहरू पढ्दै गर्दा उनलाई पनि सबैले पढेको र सुनेको कथामा काम गर्न इच्छा थियो । 'परालको आगो'बाट त्यो इच्छा पूरा हुँदा उनी खुसी छिन् । यो फिल्मको कथा यथार्थपरक रहेकाले पनि काम गर्न आफू तयार भएको उनको भनाइ छ ।

प्रकाशले पनि धेरै पढेको कथामध्ये एक हो, 'परालको आगो' । उनको हुर्काइ पनि कथाको जस्तै परिवेश र समाजमा भएको थियो । यसैले उनले चामेजस्तो पात्र समाजभित्रै देख्दै र भोग्दै आएका थिए । फिल्ममा पनि त्यही पात्रमा अभिनयको प्रस्ताव आउँदा उनी उत्साहित भएका थिए । तर, उनलाई त्यो पात्र फिल्ममा निभाउन भने गाह्रो परेको थियो ।

उनी भन्छन्, 'चामेजस्तो पात्र मैले समाजमा देख्दै आएको थिएँ । यसैले पनि गुरुप्रसाद मैनालीले चामे पात्रको परिकल्पना यस्तो गर्नुभएको थियो होला र अहिले लक्ष्मण सुनारले देखाउन खोजेको चामे यस्तो होला भनेर मलाई पात्रको स्वभाव र मनोविज्ञान महसुस भइसकेको थियो । यसैले पात्रलाई बुझ्न मलाई केही सजिलो भयो । तर, त्यो पात्रमा अभिनय गर्न भने निकै गाह्रो भयो ।'

पात्रलाई महसुस गर्नु र प्राविधिक रुपमा फिल्ममा देखाउनु फरक हुने उनको अनुभव छ । 'मैले पात्रको मनोविज्ञान त बुझेँ तर त्यसलाई देखाउन गाह्रो पऱ्यो । कराउन, गाली गर्न, श्रीमतीलाई कुट्ने सिनमा ममाथि प्रकाश सपूत हावी हुँदा अलि अप्ठ्यारो हुन्थ्यो । त्यसमा सुहाना थापाले सहज बनाइदिनुभयो । मलाई प्राविधिक रुपमा चामे पात्र गर्न गाह्रो भएकै हो,' उनले भने ।

प्रकाशलाई सुरुमा चामे पात्रमा काम गर्न नै डर लागेको थियो । आफ्ना गीतमा महिला सशक्तिकरणको मुद्दा उठाउने गरेका उनले फिल्ममा भने महिलालाई नै कुट्नुपर्ने सिन थियो । फिल्मको पात्रले आफ्नो छवि नै बिगार्ने पो हो कि भनेर उनी डराएका थिए । तर, चामे पात्रको उतारचढावले भने उनलाई काम गर्न प्रेरित गऱ्यो । उनी यो पात्र निभाउन पाउनु आफ्नो सौभाग्य मान्छन् ।

# राष्ट्रपति कार्यालयले पाएन अतिरिक्त जग्गा, पुलिस एकेडेमी महाराजगञ्जमै

काठमाडौं/राष्ट्रपतिलाई अतिरिक्त सुविधाका लागि महाराजगञ्जको नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान (प्रहरी एकेडेमी) काभ्रेको पनौतीमा सार्ने पटक-पटकको प्रयास असफल भएको छ । बिहीबारको मन्त्रिपरिषद् बैठकले महाराजगञ्जस्थित प्रहरी एकेडेमीको जग्गा राष्ट्रपति कार्यालयलाई दिने निर्णय उल्ट्याएको हो । २१ भदौ २०७५ को मन्त्रिपरिषद् बैठकले प्रतिष्ठानको ११४ रोपनी ३ आना जग्गा राष्ट्रपति कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरेको थियो ।




बिहीबारको मन्त्रिपरिषद् निर्णयमा भनिएको छ, 'राष्ट्रिय प्रहरी प्रशिक्षण प्रष्ठिानको पूरै जग्गा राष्ट्रपतिको नाममा हस्तान्तरण गर्ने गरी भएको निर्णयको सट्टामा सो जग्गा पूर्ववत रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले नै प्रयोग गर्ने ।' राष्ट्रपति कार्यालय रहेको शीतल निवास साँघुरो भएको, राष्ट्रपतिलाई कतै जाँदा असहज भएको भन्ने आधारमा हेलिकप्टर राख्ने सुविधा सहित त्यतिबेला पुलिस एकेडेमीलाई पनौती सार्ने योजना बनेको थियो । पछि पूर्वप्रहरी अधिकारीहरूले ऐतिहासिक विषयवस्तु जोडिएको एकेडेमी सार्न नहुने भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए । लामो समयदेखि कुनै निर्णय नभएर यथास्थितिमा रोकिएको विषयमा सरकारले निर्णय गरेको हो ।

### पनौतीमा बन्दैछ एकेडेमी

काभ्रेको पनौतीमा रहेको सरकारी जग्गा किर्ते कागजातका आधारमा केही स्थानीयहरूले आफ्नो नाममा सारेका थिए । जसका कारण पनौतीमा अर्को एकेडेमी बनाउने योजना अलपत्र परेको थियो । पछि सरकारले किर्ते निर्णयमाथि छानबिन गरेर जग्गा सरकारीकरण गऱ्यो, अनि किर्ते काममा संलग्नहरूमाथि मुद्दा चलाएको थियो ।

तत्कालीन सरकारले १५ साउन २०५२ मा काभ्रे सुनथानको जग्गा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई दिने निर्णय गरेको थियो । वनक्षेत्रमा पर्ने त्यो जग्गा नामसारी गर्न नमिलेपछि सरकारले भोगचलनका लागि दिने निर्णय गरेको थियो ।

पछि त्यो जग्गामा आफ्नो हक लाग्ने भन्दै स्थानीय पुस्करबहादुर बस्नेतले सर्वोच्च अदालतमा मुद्दा हालेका थिए । सर्वोच्चमा मुद्दा हाल्नुअघि उनले त्यो जग्गा आफ्नो नाममा सार्न मालपोत कार्यालयबाट पटक-पटक प्रयास गरेको खुलेको छ । किर्ते काम गरेको खुलेपछि प्रहरीले बस्नेत विरुद्ध लिखत सम्बन्धी कसुर (सरकारी छाप दस्तखत कीर्ते) को आरोपमा २७ मंसिर २०८० मा मुद्दा दायर गरेको थियो । त्यही मुद्दाको सुनुवाइपछि माघ, २०८१ मा बस्नेत दोषी ठहर भएका हुन् । पुस्कर बहादुर बस्नेतले दायर गरेको मुद्दा भने २३ माघ, २०८० मा सर्वोच्च अदालतले खारेज गरिसकेको थियो ।

पनौती-११ का सन्तोष सापकोटा लगायत ७ जनाले आफूलाई थाहै नदिई आफ्नो अंश समेतको जग्गा घरमुलीले प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई बेचेको भनी मुद्दा हालेका थिए । जिल्ला र पुनरावेदन अदालतले उनीहरूकै पक्षमा फैसला गरेको थियो । तर सर्वोच्च अदालतले ९ असोज, २०८० मा उक्त जग्गा प्रहरी प्रशिक्षण प्रतिष्ठानकै हुने भनी फैसला गरेको थियो ।

व्यक्तिको नाममा गइसकेको प्रहरीको जग्गा सरकारीकरण गरिदिएको भन्ने आधारमा तत्कालिन सरकारले त्यहाँ महाराजगञ्जको एकेडेमी सार्न र महाराजगञ्जको जग्गा राष्ट्रपति कार्यालयलाई दिने निर्णय गरेको थियो ।

तर महाराजगञ्जको एकेडेमी पनौतीमा नसारिए पनि त्यहाँ भवन लगायतका संरचना बनाउने काम भइरहेको छ । बिहीबारको सरकारको निर्णयपछि महाराजगञ्जमा साविककै नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान रहनेछ भने पनौतीमा अर्को प्रशिक्षण प्रतिष्ठान बन्ने भएको हो ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरगढीमा रोजेको कृषियन्त्रमा ५० प्रतिशत अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ मकवानपुरगढी गाउँपालिकाले पशुपालन क्षेत्रमा आवद्ध कृषकलाई प्रोत्साहन गर्न पहिलो पटक 'मागमा आधारित कार्यक्रम' सुरु गरेको छ । गाउँपालिकाको पशुसेवा शाखाले सूचना जारी गर्दै कृषकबाट आधुनिक यान्त्रिकरण तथा सामग्रीका लागि प्रस्ताव आह्वान गरेको हो ।




पशुसेवा शाखाप्रमुख सत्यनारायण साहकाअनुसार पशुपालक कृषकका लागि मागमा आधारित कार्यक्रम ल्याइएको यो पहिलो हो । 'यसअघि पशुपालक कृषकले आफूलाई वास्तवमै के आवश्यक छ, सोही अनुसारका सामग्री पाउन कठिन थियो । तर, यो कार्यक्रमअन्तर्गत् कृषकले आवश्यकता पहिचान गरी माग गर्न सक्नेछन् र छनोटमा परेका कृषकले माग गरेकै उपकरण तथा सामग्री अनुदानमा पाउनेछन्,' शाखाप्रमुख साहले भने । यसअघि पालिकाको कृषिविकास शाखाले रैथाने बाली, तोरी, तरकारी र खाद्यान्न बालीमा आवद्ध कृषकका लागि यस्तो कार्यक्रम सञ्चालन गर्दै आए तापनि पशुपालन क्षेत्रमा भने यो नयाँ सुरुवात गरिएको पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बताए ।

गाउँपालिकाले कुल लागतको ५० प्रतिशत वा बढीमा ५० हजार रुपैयाँसम्म अनुदान दिने व्यवस्था गरेको उनले जानकारी दिए । परम्परागत पशुपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले ल्याइएको यो कार्यक्रमले वास्तविक कृषकको आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्यसहित सञ्चालनमा ल्याएको अध्यक्ष स्याङ्तानले बताए । 'हामी कृषकलाई केवल अनुदान दिनेमात्र होइन, उहाँहरुलाई उद्यमी बनाउन चाहन्छौं,' उनले भने 'पालिकाको तर्फबाट सामग्री छान्नुभन्दा कृषकलाई जे चाहिएको हो, त्यही उपलब्ध गराउँदा अनुदानको सही सदुपयोग हुन्छ र उत्पादन पनि बढ्छ । मकवानपुरगढीलाई दूध र मासुमा नमूना बनाउने हाम्रो लक्ष्य छ ।'

पशुसेवा शाखाकाअनुसार यस कार्यक्रमका लागि गाउँपालिकाले ९ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । कृषकले च्याफकटर मेसिन (घाँस काट्ने मेसिन), रबर काउमेट, काउ म्याग्नेट, मिल्किङ मसिन (दूध दुहुने मेसिन), सोलर हट वाटर र फगर सिस्टम लगायत सामग्री माग गर्न सक्नेछन् । गाउँपालिकाभित्र रहेका इच्छुक कृषक, पशुफर्म वा दुग्ध उत्पादक सहकारीले आगामी २०८३ साल वैशाख १५ गतेसम्म आवेदन दिनसक्ने पशुसेवा शाखाले जानकारी दियो । आवेदनका लागि गाउँपालिकाको पशुसेवा शाखा, वडा कार्यालय वा पशुसेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ । प्रस्ताव पेश गर्दा नागरिकताको प्रतिलिपि, फर्मदर्ता प्रमाणपत्र, प्यान नम्बर, करचुक्ता सम्बन्धित वडाको सिफारिस अनिवार्य गरिएको छ । कम्तिमा ५ वर्षको जग्गा सम्झौता वा लालपूर्जाको प्रतिलिपि पेश गर्नुपर्ने शाखाले जनाएको छ ।

# मुख्यमन्त्री बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा खनाल नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा मकवानपुरका दामोदर खनाल नियुक्त भएका छन् ।

बिहीबार बसेको मन्त्रि परिषद् बैठकले मुख्यमन्त्री बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा बकैया गाउँपालिका पूर्वअध्यक्ष खनाललाई नियुक्त गर्ने निर्णय गरेको हो । यसअघिका प्रमुख राजनीतिक सल्लाहकार कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले फागुन २१ गतेको चुनावमा उम्मेदवार हुन राजीनामा दिएका थिए । खनाल नेपाली कांग्रेसको मकवानपुर निर्वाचन क्षेत्र नम्बर-१ को संघीय सभापति हुन् ।

त्यसैगरी बैठकले जेनजी आन्दोलनको क्रममा जलेका कार्यसम्पादन मूल्यांकन व्यवस्थापनका लागि नयाँ नीति पारित गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिएका छन् । उनकाअनुसार बैठकले गरिबी निवारण नीति २०८२ र शैक्षिक छात्रवृत्ति निर्देशिका २०८३ लाई स्वीकृति प्रदान गरेको छ ।

बैठकले प्रदेश पर्यटन (पहिलो संशोधन) ऐन २०८२ को मस्यौदा र प्रदेश राष्ट्रिय वन ऐन (पहिलो संशोधन) २०८३ लाई प्रदेशसभामा पेस गर्न स्वीकृति प्रदान गरेको प्रवक्ता तामाङले जानकारी दिए । बैठकले त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश २०८२ र आगामी आर्थिक वर्ष २०८३/८४ का लागि स्थानीय तहहरुलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको रकम स्वीकृत प्रदान गर्ने निर्णय पनि गरेको छ । यसैगरी, बागमती प्रदेश विश्वविद्यालयको संरक्षक सदस्यमा पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति डा.प्रेमनारायण अर्याललाई नियुक्त गर्ने निर्णय गरेको छ ।

बैठकले सूचना प्रतिवेदन समितिको अध्यक्षमा धादिङका कृष्णराज अधिकारी र सदस्यमा मकवानपुरका अशोकसुजन श्रेष्ठलाई मनोनयन गरेको उनले बताए । बैठकले सामाजिक विकास मन्त्रालयमा कार्यरत प्रदेशसचिव खुबीराम अधिकारीलाई सहकारी तथा गरिबी निवारण मन्त्रालयको समेत थप जिम्मेवारी हेर्ने गरी खटाउने निर्णय गरेको छ । यसअघि सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका बाबुराम पुरीलाई मन्त्रालयको जिम्मेवारीबाट हटाएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मात्र जिम्मेवारी तोकिएको छ ।

बैठकले नमोबुद्ध क्षेत्र विकास समितिको अध्यक्षमा शंखबुद्ध लामालाई नियुक्त गर्ने निर्णय गरेको प्रवक्ता तामाङले बताए । बैठकले प्रदेशको ११ औं तहमा कार्यरत स्वास्थ्य सेवाका डा.अर्जुन प्रसाद सापकोटाको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ भने समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका पदाधिकारी दामोदर केसीले स्वास्थ्यका कारण दिएको राजीनामा माघ ५ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने निर्णय गरेको छ ।

# ज्ञानदा माविमा कक्षा ८ सम्म अंग्रेजी माध्यमबाट पढाइने



साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ हेटौंडा-१० को एकमात्र सामुदायिक विद्यालय ज्ञानदा माध्यमिक विद्यालयले यस शैक्षिक सत्रबाट कक्षा ८ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन गराउने भएको छ ।

बिहिबार पत्रकार सम्मेलनको आयोजना गर्दै विद्यालयले अंग्रेजी माध्यम सञ्चालनबारे जानकारी दिएको हो । यसअघि कक्षा ५ सम्म अंग्रेजी माध्यममा पठनपाठन गरिरहेको विद्यालय यसै शैक्षिकसत्रमार्फत कक्षा ६ देखि ८ सम्म अंग्रेजी माध्यम थप गरिएको विद्यालयका प्रधानाध्यापक बिनोदकुमार गुप्ताले जानकारी दिएका छन् । ३ सय ३५ जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयमा हाल मावि तहमा ५ जना, निमावि तहमा १ जना, प्राथमिक तहमा ६ जना र बालविकास सहजकर्ता २ जना कार्यरत रहेको जनाइएको छ ।

प्रधानाध्यापक गुप्ताले यस विद्यालयका पूर्वविद्यार्थी सामजिक रुपमा स्थापित विभिन्न व्यक्तित्वहरुको उदाहरण समेत दिए । राष्ट्रिय फुटबल खेलाडी अञ्जन विष्ट, रञ्जन विष्ट, सप्तरी एपीएफका एसपी शैलेश श्रेष्ठलगायत यस विद्यालयका पूर्वविद्यार्थी हुन् । प्रधानाध्यापक गुप्ताका अनुसार विद्यालयलाई विभिन्न समस्याका कारण शैक्षिक गुणस्तर प्राप्त गर्न सकस भइरहेको छ । २०२८ सालमा व्यक्तिको निजी घरमा स्थापित यस विद्यालयको अहिलेपनि आफ्नै जमिन नहुँदा बि.स २०३५ सालदेखि नै भुटनदेवी मन्दिरको जग्गामा भवन स्थापित गरी पठनपाठन गरिरहेको जनाएको छ ।

२०५२ सालदेखि मावि तहमा सञ्चालन भएको यस विद्यालयको नयाँ भवन निर्माणमा सुस्तता आएपछि विद्यालयले झनै समस्या खेपिरहेको प्रधानाध्यापक गुप्ताको भनाइ छ । विद्यालयले हालसम्म प्राप्त गरेको प्रगतिबारे जानकारी दिँदै उनले एसइइ परीक्षा लक्षित अतिरिक्त तथा कमान्डो कक्षा सञ्चालनमा ल्याएको जानकारी दिए । विद्यालय सुधारका लागि पूर्वविद्यार्थी एल्मुनाइ तथा पूर्वशिक्षक एल्मुनाइ पुनर्गठन गर्दै सक्रिय बनाउने, निर्माणाधीन भवनको निर्माण अविलम्ब सम्पन्न गर्न लगाइ अंग्रेजी माध्यमका कक्षा नयाँ भवनबाट सुरु गरिने, नयाँ शैक्षिकसत्रबाट विद्यार्थीका लागि यातायातको साधनको व्यवस्था गर्ने, कमजोर विद्यार्थीको लागि अतिरिक्त कक्षाको सुरुवात गर्ने, छात्राको लागि सेनेटरी प्याड खरिद प्रक्रिया अघि बढाइसकेको जानकारी दिइएको छ ।

यस्तै गणित तथा बिज्ञान र कम्प्युटर ल्याव लगायतलाई अपग्रेड गरी सामाजिक ल्यावको सुरुवात गरिने प्रधानाध्यापक गुप्ताले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिको ज्येष्ठसदस्य रुद्रबहादुर हाडाको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा बोल्दै हेटौंडा वडा नं १० का अध्यक्ष फुर्वादोर्जे लामाले वडा कार्यालय तथा उपमहानगर पालिका समेत विद्यालयलाई क्रमिक सुधार गरी आगामी ५ वर्षमा नमूना विद्यालय बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# प्रतिनिधिसभा नियमावलीले चुनौती दिने अधिकार राख्दैन: महेश बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ नेकपा एमालेका नेता महेश बर्तौलाले प्रतिनिधिसभाले नयाँ नियमावली पारित गर्दा संवैधानिक सीमा, विधिको शासन, तथा स्थापित संसदीय अभ्यासलाई पूर्णरुपमा ध्यानमा राख्न आवश्यक रहेको बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत् नेता बर्तौलाले विगतको संसदीय अनुभवको आधारमा कार्यसञ्चालन तथा विधायिकी प्रक्रियालाई थप प्रभावकारी, पारदर्शी र गुणस्तरीय बनाउन अन्य केही आवश्यक प्रावधान समेट्दै नियमावलीलाई परिष्कृत गरिनु उपयुक्त हुने बताएका छन् । बर्तौलाले लेखेका छन्, 'संघीय संसद्बाट पारितभई कार्यान्वयनमा रहेका प्रचलित कानुनलाई प्रतिनिधिसभाको नियमावलीले कुनैपनि अवस्थामा प्रतिस्थापन वा निष्प्रभावी पार्न सक्दैन ।

नियमावली मूलत: कार्यविधिसम्बन्धी आन्तरिक दस्तावेज हो, जसको उद्देश्य सदनको कार्यसञ्चालन, बैठक व्यवस्थापन तथा समितिको गठन, कार्य र प्रक्रिया नियमन गर्नु हो ।'

सांसदहरुलाई प्रचलित कानुनले तोकेको दायित्वभन्दा माथि राख्ने वा उनीहरुलाई कानुनी जवाफदेहिताबाट उन्मुक्ति प्रदान गर्ने कुनै पनि व्यवस्था संसदीय परम्परा, लोकतान्त्रिक मूल्य र विधिको शासनको मूल सिद्धान्तसँग असंगत हुने उनले बताए । उनले लेखेका छन्, 'नेपालको संविधानको धारा १०४ (१) ले संघीय संसदको प्रत्येक सदनलाई आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिको गठन, काम, कारबाही र कुनै सदन वा समितिको कार्यविधि नियमित गर्न नियमावली बनाउने अधिकार दिएको छ । यो अधिकार कार्यविधिगत सीमाभित्र मात्र निहित रहेको छ । यस प्रावधानले नियमावलीलाई सारवान कानुनसरह व्यक्तिको हक, अधिकार तथा दायित्व सिर्जना गर्ने अधिकार प्रदान गरेको छ ।'

'प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले प्रतिनिधिसभाको नियमावली निर्माण गरेको छ । तर, सभाबाट पारित हुन भने बाँकी नै छ । प्रस्तावित नियमावलीको नियम २५९ मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएपनि सभा, समिति र सदस्यका हकमा यो नियमावली संघीय कानुनका रुपमा रही विशेष कानुन सरह लागू हुनेछ' भन्ने व्यवस्था समावेश गरिएको देखिन्छ, जुन प्रारम्भिक दृष्टिमै त्रुटिपूर्ण तथा विधिक सन्तुलनविपरीत रहेको प्रतीत हुन्छ । प्रतिनिधिसभाको नियमावलीद्वारा प्रचलित कानुनलाई चुनौती दिन नसकिने विषय विधिशास्त्रीय तथा संवैधानिक दृष्टिले स्पष्ट छ,' उनले लेखेका छन् ।

# हेटौंडा-१५ मा बौद्ध शिक्षा तथा गुम्बा व्यवस्थापन समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, १० बैशाख/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ मा आयोजित महत्वपूर्ण भेलाबाट वडास्तरीय बौद्ध शिक्षा तथा गुम्बा व्यवस्थापन समिति गठन गरिएको छ ।

भेलाले १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतरुपमा चयन गर्दै समितिको औपचारिक सुरुवात गरेको हो । नवनिर्वाचित कार्यसमितिको अध्यक्षमा कार्साङ योन्जन लामा, उपाध्यक्षमा मीना लामा तथा कार्साङ लो लामा, महासचिवमा हर्करत्न लामा, सचिवमा युवराज लो र कोषाध्यक्षमा बिना लो चयन भएका छन् । सदस्य पनि सर्वसम्मत रुपमा मनोनयन गरिएको जनाइएको छ । समितिको मुख्य उद्देश्य वडाभित्र रहेका सम्पूर्ण बौद्ध धर्मावलम्बीलाई एकीकृत गर्दै बौद्ध धर्मसम्बन्धी शिक्षा, ज्ञान तथा संस्कारको प्रवर्द्धन गर्नुका साथै गुम्बा व्यवस्थापनलाई व्यवस्थित र संस्थागत बनाउनु रहेको बताइएको छ ।

धार्मिक अधिकारको संरक्षण र प्रवर्द्धनलाई संगठित ढंगले अघि बढाउने दृढ लक्ष्यका साथ समितिको स्थापना गरिएको हो । यसकार्यको प्रारम्भिक परिकल्पना तथा नेतृत्व वडा नम्बर १५ का वडाअध्यक्ष सुनिल मोक्तानको पहलमा भएको हो । भेलाको प्रमुखआतिथ्य पनि वडाअध्यक्ष मोक्तानले गरेका थिए । कार्यक्रममा सहकार्य, आपसी सद्भाव र धार्मिक पहिचानको संरक्षणलाई प्राथमिकतामा राख्दै संस्थागतरुपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याइएको थियो । समितिको स्थापना वडाअध्यक्षको पहल र नेतृत्वमा सम्भव भएको भन्दै आभार व्यक्त गरिएको छ । नवगठित समितिले आगामी दिनमा वडामा धार्मिक, सांस्कृतिक तथा सामाजिकरुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना